स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सिनेमा आर्टले नयाँ चलचित्र निर्माणको घोषणा गरेको छ। अनटाइटल मुभीमा अनमोल केसी र जसिता गुरुङ अनुबन्ध भएका छन्। निर्देशन सुयोग गुरुङले गर्नेछन्। निर्माता रौनक विक्रम कँडेल रहेका छन्। निर्माता कँडेलका अनुसार चलचित्रका लागि उनले निर्देशकसँगै अनमोल केसी र अभिनेत्री जसिता गुरुङलाई साइन गराइसकेका छन्। चलचित्रको नाम भने केही समयपछि सार्वजनिक गर्ने निर्माता कँडेलले जानकारी दिएका छन्।

**आजको विचार...**



पुस्तकालय...
*(दुई पेजमा)*

सन्तोष खनाल

संगीतकार अर्जुन पोखरेलको निर्माण रहेको फिल्म "बेहुली"को रोमान्टिक गीत "म भईन भने" सार्वजनिक गरिएको छ। सुरेश लामा र दुर्गा खरेलको स्वर रहेको गीतमा अर्जुन पोखरेलकै शब्द तथा संगीत छ। गीतको एरेन्ज उदय राज पौडेलले गरेका हुन्। सार्वजनिक गीतको भिडियोमा अभिनेता पारस बम र अभिनेत्री दिव्या रायमाझीको रोमान्टिक अवतार देख्न सकिन्छ। विकास दाहालको सिनेमाटोग्राफी र सियोन श्रेष्ठको कोरियोग्राफी रहेको गीत दार्जिलिङ, मिरिक र सिक्किमका आकर्षक स्थानहरुमा छायाङ्कन गरिएको हो।



❒ वर्ष ३२ ❒ अंक ४६ ❒ २०८३ भदौ १६ गते मंगलबार 1 September 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### लागूऔषधसहित तीन जना पक्राउ

**पाल्पा,** भदौ १५ / पाल्पाको तिनाउ गाउँपालिका-३ पैठेडाँडाबाट प्रहरीले नियन्त्रित लागूऔषधसहित तीन जनालाई पक्राउ गरेको छ । प्रहरीले आइतबार दिउँसो नाइट्रोजेपाम ७५ ट्याब्लेट र स्पास्मो १७ ट्याब्लेटसहित उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा गुल्मीको रेसुङ्गा नगरपालिका-४ अर्खले बस्ने २५ वर्षीय अंकित खड्का, सोही स्थानका २५ वर्षीय मेहर सिंह राना र २६ वर्षीय एकराज पन्थी रहेका छन् । प्रहरीका अनुसार बुटवलबाट गुल्मीतर्फ जाँदै गरेको लु.प्र.०१-००१ ज ०५७१ नम्बरको विद्युतीय (ईभी) गाडीमा सवार उनीहरूलाई नियमित जाँचका क्रममा लागूऔषधसहित फेला पारिएको हो । तिनाउ गाउँपालिका-३ पैठेडाँडास्थित सडकमा प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले गाडी जाँच गर्ने क्रममा उनीहरूको साथबाट उक्त लागूऔषध बरामद गरेको जनाएको छ । बरामद भएको लागूऔषधमा नियन्त्रित औषधिका रूपमा प्रयोग हुने नाइट्रोजेपाम ७५ ट्याब्लेट तथा स्पास्मो १७ ट्याब्लेट रहेको प्रहरीले जनाएको छ । लागूऔषधसहित पक्राउ परेका तीनै जनालाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# लाखेको मुकुण्डो उठाउँदै नयाँ पुस्ता

# ढोल-झ्याम्टासँगै जाग्दैछ पाल्पाको लाखे संस्कृति

**रामचन्द्र रायमाझी/रासस**

**पाल्पा,** १५ भदौं /हिजो आज साँझ पर्नासाथ तानसेनका चोकहरूमा ढोल र झ्याम्टाको आवाज गुञ्जिन थाल्छ । भीडको बीचबाट डरलाग्दो मुकुण्डो लगाएको लाखे निस्कन्छ । उसको चालसँगै भुच्चा पनि नाच्दै अघि बढ्छ । हेर्नेहरूका लागि यो मनोरञ्जनको दृश्य हो, तर यहाँका केही युवाका लागि भने आफ्ना पुर्खाले छाडेर गएको संस्कृति जोगाउने अभियान हो ।

कुनै समय नेवार समुदायको परम्परा, पहिचान र मनोरञ्जनसँग अभिन्न रूपमा जोडिएको लाखे नाँच पछिल्लो समय नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्दा लोप हुने अवस्थामा पुगेको छ । पुरानो पुस्ताले बिर्सिंदै गएको यही परम्परालाई जोगाउन यहाँका नयाँ पुस्ताका युवा



अहिले सक्रिय भएका छन् ।पाल्पाली नाट्य कला सांस्कृतिक समूहमा आबद्ध युवाहरूले लाखे नाँचलाई अभियानकै रूपमा अघि बढाएका छन् । उनीहरूले घण्टाकर्णदेखि भगवती जात्रा अर्थात् कृष्ण जन्माष्टमीसम्म हरेक दिन साँझ लाखे नाँच प्रदर्शन गर्दै आएका छन् । समूहका अध्यक्ष किरण चित्रकारका अनुसार यस अभियानको उद्देश्य केवल नाच देखाउनु होइन, नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति र परम्परासँग जोड्नु हो । "बाबु-बाजेको परम्परा बिर्सिन थाल्यौं, त्यही भएर आफ्नो संस्कृति संरक्षणमा लागेका हौं," चित्रकार भन्नुहुन्छ, "लाखे नाच विस्तारै लोप हुँदै जान थालेको छ ।"

नेवारी संस्कृति अन्य समुदायमाझ लोकप्रिय भए पनि आफ्नै समुदायले त्यसको संरक्षण गर्न नसकेकोमा चित्रकारको चिन्ता छ । "अरू समुदायमाझ नेवारी संस्कृति एकदमै लोकप्रिय छ, तर नेवार समुदायले नै संरक्षण गर्न सकिरहेका छैनौं,"उनी भन्छन् । चित्रकारका अनुसार पाँच सय वर्षअघि तत्कालीन पाल्पाली राजा मणिमुकुन्द सेनको पालादेखि पाल्पा र आसपासका जिल्लामा लाखे नाच्ने प्रचलन सुरु भएको र त्यसले अहिलेसम्म निरन्तरता पाएको छ । मणिमुकुन्द सेनले काष्ठकला र संस्कृतिकलामा निपुण नेवार समुदायलाई पाल्पा ल्याएको र उनीहरूमार्फत गुठी तथा जात्रा परम्परामार्फत लाखेनाँच पाल्पा भित्र्याएको इतिहासका जानकार बताउँछन् । लाखेनाचको आकर्षण यसको मुखौटा, वेशभूषा, बाजाको तालले दर्शकलाई छुट्टै रौनकता थप्ने गरेको छ । लाखेनाचमा डरलाग्दो मुखौटाको आकर्षणले बालबालिकादेखि पाका पुस्तासम्म यसको अवलोकनका लागि झुम्मिने गरेको इतिहासका जानकार पुष्करराज रेग्मीले बताए । बाजाको तालमा लाखेको हाउभाउ, ढोल र झ्याम्टाको ताल र आकर्षक वेशभूषासहितको नाचले सबैलाई आकर्षित गर्ने गरेको उनले बताए । लोप हुन लागेको लाखे नाँच संरक्षणका लागि पाल्पाली नाट्य कला सांस्कृतिक समूहले तानसेनका बसपार्क, हुलाकचोक, टक्सार, शीतलपाटी, नारायणस्थान, असनटोल र वसन्तपुरलगायतका स्थानमा हरेक दिन साँझ ६ बजेदेखि करिब तीन घण्टासम्म लाखे नाच प्रदर्शन गर्दै आएको छ ।

*( बाँकी अन्तिम पेजमा...)*

## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी,
- बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# तानसेनमा निकालियो १०१ वर्षे 'गणेशको रथयात्रा'

**पाल्पा,** भदौ १५/ पाल्पाको पुरानो र ऐतिहासिक श्री ७ सिद्धि विनायक गणेशको १०१ औं वर्ष रथ यात्रा निकालिएको छ । १९८२ भाद्र कृष्ण तृतीयाका दिनदेखि सुरु गरिएको रथ यात्रा सोमबार निकालिएको हो ।

यो हरेक वर्ष रोपाइँजात्राको भोलिपल्ट निकाल्ने गरिन्छ । यो विशेष गरी तानसेनका नेवार समुदायले विशेष रुपमा मनाउने गर्छन् । तानसेनमा थुपै रथयात्रा निकाल्ने गरिए पनि गणेशको रथ निकालेपछि मात्र अन्य रथ निकाल्ने प्रचलन रहेको छ । नेवार समुदायको परम्परागत संस्कृतिलाई बचाई राख्न सिद्धि विनायक गणेश गुठीले हरेक वर्ष गणेशको रथ निकाल्ने गरेको हो । बाजागाजा सहित गणेशको रथ निकालिएको छ । ऐतिहासिक भगवती जात्राको झल्को दिने गरी गणेशको रथ निकालियो थियो । भगवतीको जात्रामा जस्तै युवाहरुले गणेशको रथ बोकेर नगर परिक्रमा गराएका थिए । अगाडि-अगाडि भजन, बाजा र पछिपछि रथ डुलाइएको थियो । परिक्रमा गर्न हिडालिएको रथमा तानसेनवासीले विभिन्न पर्सादहरु



चढाउने गरेको देखिन्थ्यो । नेपाली सेनाले सलामी दिएसँगै गणेशको रथ निकालिएको गुठीले जनाएको छ । गणेश जात्राको इतिहास ऐतिहासिक भगवती जात्रासँग जोडिएको गुठीयार तथा नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए । नेपाली सेनाले जीतगढी युद्धमा विजय प्राप्त गरेको खुसीयालीमा भगवती जात्रा जस्तै गणेशको रथयात्रा निकाल्ने गरिएको उनले बताए । गणेशको रथयात्रा विशेष गरी तानसेनका चार घर परिवारले सुरु गरेका थिए । गुठियार श्रेष्ठका अनुसार यहाँका लिगल, सुवाल, महर्जन र श्रेष्ठ परिवारले गणेशको रथ निकाल्ने परम्पराको सुरुवात गरेका हुन् । पछिल्लो समय यहाँका तीन घर परिवार बसाईसरी बाहिर गएपछि अहिले श्रेष्ठ परिवारले गुठीमार्फत यो रथयात्रा निकाल्ने गरेका छन् ।

*( बाँकी अन्तिम पेजमा...)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## राहत र उद्धारमा हातेमालो गरौं

प्राकृतिक विपद् कहिल्यै निम्ता दिएर आउँदैन् । बाढी, पहिरो, भूकम्पलगायतका विपद्ले एकै छिनमा मानिसको जीवन, घर–सम्पत्ति र जीविकोपार्जनमा ठूलो क्षति पुऱ्याउन सक्छ । पछिल्लो समय रसुवाको भोटेकोशी नदीमा आएको बाढीले पनि यस्तै पीडादायी अवस्था सिर्जना गरेको छ । तिब्बततर्फबाट उर्लिएको आकस्मिक र अकल्पनीय बाढीले अमूल्य जीवनहरू खोसेको छ भने हजारभन्दा बढी नागरिक बेपत्ता भएका छन् । साथै भौतिक संरचना, सडक, पुल, विद्युत् तथा निजी सम्पत्तिमा ठूलो क्षति पुगेको छ । एकैछिन अघिसम्म हाँसखेल गरिरहेका अनुहारहरू, प्राणभन्दा प्यारा घरहरू र मानिसका अनेक सपना धमिलो भेलले निमेषभरमै निलेको छ । यो केवल एउटा प्राकृतिक दुर्घटनामात्र होइन, प्रकृतिले दिएको निर्मम चेतावनी पनि हो ।

यतिबेला शोकलाई शक्तिमा बदल्दै बेपत्ताहरूको खोजी र जोखिममा परेकाहरूको तदारुकताका साथ उद्धार गर्नु राज्यको पहिलो दायित्व हो । विस्थापित भएका र सर्वस्व गुमाएकाहरूलाई स्वास्थ्योपचार, सुरक्षित आश्रय र तातो गाँसको खाँचो छ । संकटको यो घडीमा हरेक पीडितले राज्य आफ्नो अभिभावक बनेर उभिएको महसुस गर्न पाउनुपर्छ । 'सरकार साथमा छ' भन्ने सान्त्वना अब सिंहदरबारका विज्ञप्ति र नेताहरूका मीठा बोलीमा होइन, बाढीले बगर बनाएका ती बस्तीहरूको यथार्थमा र उद्धारकर्मीहरूको पसिनामा देखिनुपर्छ । यद्यपी सरकार र सुरक्षा निकायको मात्र प्रयासले ठूलो विपद्को सामना गर्न कठिन हुन्छ । स्थानीय तह, राजनीतिक दल, सामाजिक संघ–संस्था, निजी क्षेत्र, नागरिक समाज, सञ्चारमाध्यम र आम नागरिक सबैले आ–आफ्नो ठाउँबाट सहयोग गर्न आवश्यक छ । उद्धारमा खटिएका सुरक्षाकर्मी तथा स्वयंसेवकलाई आवश्यक सामग्री, उपकरण र जनशक्तिको सहयोग उपलब्ध गराउनु अहिलेको आवश्यकता हो । बाढी प्रभावित क्षेत्रमा उद्धारपछि राहत वितरणको विषय अझ महत्वपूर्ण हुन्छ । विपद्का कारण घरबारविहीन भएका, आफन्त गुमाएका तथा दैनिक आवश्यकताका सामग्रीबाट वञ्चित भएका नागरिकलाई खाद्यान्न, खानेपानी, लत्ताकपडा, औषधि र अस्थायी आवासको व्यवस्था गर्नुपर्छ । देशभरबाट राहत संकलन भइरहेका छन् । तर राहत संकलन हुनु मात्र ठूलो कुरा हैन त्यो राहत वास्तविक पीडितसम्म पुग्यो कि पुगेन भन्ने विषयमा पनि महत्वपूर्ण हो । यसतर्फ सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्छ । विपद्को पीडामाथि राजनीति वा व्यक्तिगत स्वार्थ हावी हुनुहुँदैन । यस्ता विपद्का बेला सहयोगका नाममा अनावश्यक प्रचार गर्नेभन्दा पीडितको वास्तविक आवश्यकता पहिचान गरी सहयोग गर्नु प्रभावकारी हुन्छ । राहत सामग्री संकलन र वितरणमा पारदर्शिता कायम गर्नुपर्छ । एउटै ठाउँमा धेरै सामग्री थुपार्ने र अर्को ठाउँमा आवश्यक सामग्रीसमेत नपुग्ने अवस्था आउन नदिन सम्बन्धित निकायबीच समन्वय आवश्यक छ । विपद्का बेला हामीले देखाउने एकता र मानवीयता नै हाम्रो समाजको वास्तविक शक्ति हो । त्यसैले भोटेकोसीका बाढीपीडितको उद्धार र राहतमा सबैले हातेमालो गरौँ । पीडितलाई तत्काल सहयोग गरौँ र विपद्पछिको पुनःस्थापनामा समेत साथ दिऔँ ।

### Opinion @ Social Network

शिरमा सजाएको मान्छे नजरबाट झर्छ भने,
कुल्चिएर अघि बढ्ने हिम्मत हुनुपर्छ जिन्दगीमा

*( सरस्वती थापाको फेसबुक स्टाटसबाट www.facebook.com/saraswati.Thapa)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

सन्दर्भ पुस्तकालय दिवस

# पुस्तकालय, पठन संस्कृति र वर्तमान पुस्ता



**सन्तोष खनाल**

शुरुमा रसुवाको भोटेकोशी लगायत तटिय क्षेत्रमा आएको बाढीबाट ज्यान गुमाउनु भएका नागरिकहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण र जोखिममा उद्धारको पर्खाइमा रहनुभएका दाजु भाई दिदीबनिही लागायत नागरिकको शिघ्र उद्धार र सकुशलताको कामना ।

**विषय प्रवेश**

**पृष्ठभुमि**

नेपालमा पुस्तकालयको इतिहास औपचारिक रूपमा विसं १८६९ भदौ १५ गते तत्कालीन राजा गीर्णयुद्ध विक्रम शाहले 'पुस्तक चित्याइँ तहबिल' स्थापना गरेपछि सुरु भएको मानिन्छ, जसको सम्झनामा हरेक वर्ष राष्ट्रिय पुस्तकालय दिवस मनाइँदै आइएको छ । नेपाली समाजको राजनीतिक र शैक्षिक जागरणमा पुस्तकालयले ठूलो भूमिका निर्वाह गरेको छ । इतिहासका विभिन्न कालखण्डमा घटेका 'मकै पर्व' र 'लाइब्रेरी पर्व' जस्ता घटनाहरूले पुस्तकालय केवल पुस्तक राख्ने ठाउँ मात्र नभएर सामाजिक ,राजनैतिक, शैक्षिक चेतना परिवर्तनको प्रवर्तनको संवाहक पनि हो भन्ने तथ्यलाई पुष्टि गर्दछ । अर्को तर्फ जनताको नेतृत्वमा काठमाडौं बाहिर मोफसलको कुरा गर्दा वि. सं. १९८३ सालमा तात्कालिन पढेलेखेका यवाहरुको अगुवाइमा स्थापना भएको पुस्तक पढ्ने दलानबाट शुरुभएको पुस्तकालय नै नेपालको पहिलो सार्वनिक पस्तकालय हो । जुन वि.सं.२००३ सालबाट धवल पुस्तकालयको रुपमा परिचित हुन पुग्यो । पाल्पाको तानसेनमा स्थापित धवल पुस्तकालय नेपालको शैक्षिक र राजनीतिक चेतनाको एउटा बलियो खम्बा हो । राणाकालीन अनुदार शासन व्यवस्थाको समयमा पाल्पाका प्रबुद्ध नागरिकहरू र साहित्यकारहरूको सक्रियतामा स्थापित यो पुस्तकालयले तत्कालीन समयमा नागरिकहरूलाई सुसूचित गर्न र राणा शासनविरुद्ध वैचारिक क्रान्ति छेड्न महत्वपूर्ण भूमिका खेलेको थियो (बस्याल, २०८१) । परम्परागत रूपमा यस्ता पुस्तकालयहरू पुस्तक, पत्रिका, नक्सा र दस्तावेजहरूको भौतिक भण्डारका रूपमा मात्र रहे पनि वर्तमान सूचना र सञ्चार प्रविधिको अभूतपूर्व विकासले यसको परिभाषा बदलिदिएको छ । आजको युगमा पुस्तकालय भौतिक कोठाबाट रूपान्तरण भई डिजिटल र ई-लाइब्रेरी (E-Library) को अवधारणामा विकास भइरहेको छ ।

**वर्तमान पुस्ता (जेनेरेसन जेड) र पठन संस्कृति**

वर्तमान युवा तथा विद्यार्थी पुस्ता प्रविधिसँगै हुर्किएको पुस्ता हो । यो पुस्ता पुस्तकको पाना पल्टाउनुभन्दा मोबाइल, ट्याब्लेट, ल्यापटप र सामाजिक सञ्जालमा स्क्रोल गर्न बढी सहज मान्दछ । नेपालका सहरी क्षेत्रका युवाहरूमा विश्वव्यापीकरणको प्रभावले गर्दा केही युवाह्ररुमा अंग्रेजी साहित्य र विदेशी पुस्तकहरू पढ्ने लहर चलेको छ, जसलाई ह्यारी पोटर जेनेरेसन को रुपमा चिनिन्छ । कुनै समय ज्ञान आर्जनको महत्वपूर्ण थलोको रुपमा रहेको पुस्तकालयह्ररु , यसका पाठक, र पठन संस्कृति वर्तमानमा कमजोर बन्दै गएको छ । पुस्तकालयहरुले पाठक खोजिरहेको छ । समाजले पनि पुस्तकालयलाई विर्सन थालेको छ । युवा पस्तामा देखपरेको पठन संस्कतिको कमिको कारणले हाम्रा युवाहरुमा आफ्ना धर्म संस्कृति , रितिरिवाज, परम्परा प्रतिको कम लगावको कारण समाजमा अराजकता र अटेरीपन बढदै गएको छ । अर्को तर्फ हाम्रा विद्यालय र विश्वविद्यालयहरुमा पनि नेपाली मौलिक संस्कृति, परम्परा र नैतिक शिक्षा जस्ता कुराहरु पढिहन छाडेका छन । अंग्रेजी मोहमा फस्दा युवाहरुमा विदेशिने प्रवृति बढ्दो छ । समाज असामजिक र अराजक बन्दै गएको छ । जुन चिन्ताको विषय हो ।

प्रविधिको अत्यधिक प्रयोग र छोटो भिडियो (जस्तै टिकटक, रिल्स) को संस्कृतिले वर्तमान पुस्ताको पठन बानीमा नकारात्मक प्रभाव पनि पारेको छ । अध्ययनहरूका अनुसार इन्टरनेट र सामाजिक सञ्जालको अत्यधिक प्रयोगले गर्दा युवाहरूको गहिरो अध्ययन गर्ने क्षमता (म्भभउ चभबमष्लन) र ध्यान केन्द्रित गर्ने समय (Attention span) निकै घटेको पाइएको छ (Carr, २०20)। युवाहरू लामो पुस्तक पढ्नुको सट्टा तत्काल जानकारी पाउनका लागि अनलाइनका संक्षिप्त सामग्री वा विकिपिडिया च्याट जिपीटी,जेमिनाइ जस्ता माध्यममा भर पर्ने गरेका छन्।

**नेपालमा पुस्तकालयको विद्यमान अवस्था र चुनौतीहरू**

नेपालको वर्तमान शैक्षिक तथा सार्वजनिक पुस्तकालयको अवस्था सन्तोषजनक छैन। केही वर्ष पहिलेका महामारी तथा संकटहरूले मानिसमा पढ्ने बानी ब्युँताए पनि सरकारी उदासीनता र बजेटको अभावका कारण केशर पुस्तकालय जस्ता ऐतिहासिक र केन्द्रीय स्तरका सार्वजनिक पुस्तकालयहरू समेत भौतिक तथा व्यवस्थापकीय चुनौतीसँग जुधिरहेका छन् (नेपाली टाइम्स, २०२२) । यही नियति उपत्यका बाहि्रका पुस्तकालायहरुले पनि बेहोरिरहेका छन । ्नयाँ पुस्तालाई यस तर्फ आकर्षित गर्नु अर्को ठूलो चुनौती बनेको छ ।

**नेपालमा पुस्तकालय र पठन संस्कृतिको विकासमा मुख्य चुनौती**

भौतिक र वित्तीय संकट: नेपालका ८० प्रतिशतभन्दाबढी सामुदायिक विद्यालयहरूमा व्यवस्थित र कार्यात्मक पुस्तकालयको ठूलो अभाव छ (शिक्षा मन्त्रालय, २०२३)। भएका पुस्तकालयहरू पनि केवल पाठ्यपुस्तकमा मात्र सीमित छन ्। महँगो पुस्तक मूल्य र कर नीति: नेपालमा पुस्तकहरूको मूल्य सर्वसाधारणको क्रयशक्तिभन्दा बाहिर छ । त्यसमाथि आयातित पुस्तकहरूमा लगाइने करका कारण विपन्न परिवारका विद्यार्थीका लागि व्यक्तिगत रूपमा पुस्तक किन्नु असम्भव जस्तै बनेको छ ।

डिजिटल पूर्वाधारको अभाव: पुराना पुस्तकालयहरूलाई समयसापेक्ष रूपमा डिजिटल प्रविधिसँग जोड्न नसक्दा युवा पुस्ता त्यहाँ जान रुचाउँदैनन् । त्रिभुवन विश्वविद्यालयका स्नातकोत्तर तहका विद्यार्थीहरूमा गरिएको एक गुणात्मक अनुसन्धानले देखाएको छ कि विद्यार्थीहरू पुस्तकालयलाई परीक्षाको तयारी गर्ने, नोट बनाउने र अनुसन्धान गर्ने थलोको रूपमा मात्र बढी प्रयोग गर्छन्, न कि फुर्सदको समयमा ज्ञान बढाउनका लागि (नेपाल लाइब्रेरी एशोसिएसन, २०२५)। यसले के स्पष्ट पार्छ भने नेपालको उच्च शिक्षामा समेत 'परीक्षा केन्द्रित पठन' हावी छ र स्वतन्त्र पठन संस्कृति (Independent reading cul) (ture) कमजोर छ ।

माध्यमिक विद्यालयका विद्यार्थी र शिक्षकहरूमा गरिएको अर्को अध्ययनले सामुदायिक विद्यालयका शिक्षकहरूले विद्यार्थीलाई पुस्तकालय जान र पाठ्यपुस्तक बाहिरका सामग्री पढ्न विरलै मात्र प्रोत्साहन गर्ने गरेको तथ्य उजागर गरेको छ (पौडेल र रेग्मी, २०२६) ।

तथापि,केही वर्ष अघिसम्म नेपालका ग्रामीण क्षेत्रहरूमा 'रीड नेपाल' जस्ता गैरसरकारी संस्थाहरूले स्थापना गरेका सामुदायिक पुस्तकालयहरूले समुदायमा साक्षरता बढाउन, आर्थिक-सामाजिक चेतना फैलाउन र स्थानीय स्तरमा 'बुक कल्चर (Book Culture) को विकास गर्न उदाहरणीय भूमिका निभाएको भए पनि यो अभियान पनि सुस्ताएको छ ।वर्तमान पुस्तालाई पुस्तकालय र पठन संस्कृतिमा बाँधिराख्न अब परम्परागत शैली परिवर्तनर समग्र पाठ्यक्रमा परिवर्तन गर्नुको विकल्प छैन । प्रविधिलाई चुनौतीका रूपमा मात्र हेर्नुको सट्टा यसलाई पठन संस्कृति प्रवर्द्धनको माध्यम बनाइनुपर्छ ।

**ई-लाइब्रेरी र डिजिटल रिसोर्स:** पुस्तकालयहरूलाई डिजिटल प्रविधिसँग जोडेर ई-बुक्स, अडियो बुक्स (Audiobooks) र अनलाइन जर्नलहरूमा पाठकको पहुँच पुऱ्याउनु पर्छ । यसले गर्दा युवाहरूले आफ्नै मोबाइलबाट ज्ञान प्राप्त गर्न सक्छन् । 'पुस्तक कुना' र पुस्तकालय समयको अनिवार्यता: प्रारम्भिक बाल्यकालदेखि नै पढ्ने बानी बसाल्न प्रत्येक विद्यालयमा 'पुस्तक कुना' (Book Corner) र दैनिक वा साप्ताहिक रूपमा पुस्तकालयको समय अनिवार्य गरिनु पर्छ । पठन अभियान र पुस्तक क्लबहरू: युवाहरूको रुचि जगाउनका लागि विद्यालय, कलेज र समुदायस्तरमा 'रीडिङ क्लब' ( पुस्तक चर्चा (Book Discussion) र साहित्यिक उत्सवहरू आयोजना गरिनु पर्छ ।

**निष्कर्ष**

पुस्तकालय र पठन संस्कृति कुनै पनि देशको सभ्यता र विकासको मेरुदण्ड हुन ्। पुस्तकालय नेपालको प्राज्ञिक र राजनीतिक चेतनाको जीवन्त साक्षी हो । वर्तमान पुस्ता प्रविधि र डिजिटल मनोरञ्जनतर्फ आकर्षित हुनु स्वाभाविक भए तापनि त्यसलाई पुस्तक र ज्ञानको संसारबाट टाढा जाने बहाना बनाइनु हुँदैन । ऐतिहासिक पुस्तकालय जस्ता ऐतिहासिक धरोहरहरूको भौतिक एवं डिजिटल पूर्वाधार सुधार गर्दै, पुस्तकमाथिको कर नीति परिमार्जन गरी र विद्यालय तहदेखि नै पढ्ने बानीलाई जीवनशैलीको रूपमा विकास गरेमा मात्र वर्तमान पुस्तालाई बौद्धिक र नेतृत्वदायी बनाउन सकिन्छ । समयमै यसतर्फ कदम नचाल्ने हो भने हाम्रो मौलिकता र पहिचाननै ओझेलमा पर्न सक्छ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक कामको दायित्व बढ्नेछ । रोकिएको कार्य प्रारम्भ हुनेछ । | **तुला**: शत्रु र रोगबाट छुटकारा मिल्नेछ ।गाडी चलाउदा सावधानी अपनाउनुहोस्। |
| **वृष** : व्यवसायिक फड्को मार्न सकिनेछ । नयाँ कामको जिम्मेवारी पाइनेछ। | **वृश्चिक** : दिन मनोरञ्जनपूर्ण रहनेछ । आतिथ्यपूर्ण सम्मान पाइएला। |
| **मिथुन** : स्वास्थ्य कमजोर होला । व्यवसायिक काममा खर्च बढ्नेछ । | **धनु** : प्रतिस्पर्धीहरूले अप्ठ्यारो पार्न सक्छन् सचेत रहनुहोला। |
| **कर्कट** : प्रतिष्ठा कमाइने छ । लामो समयदेखि रोकिएको काम बन्नेछ। | **मकर** : मुद्दा मामलाहरूमा विजयी भइनेछ । स्वास्थ्यले साथ दिनेछ। |
| **सिंह** : उठ्नुपर्ने रकम हाता पर्ने छ।नयाँ कामको जगबसाउने अवसर रहेको छ। | **कुम्भ**: धन खर्च गर्दा ध्यान दिनु होला । प्रेममा भावुकपना धेरै हुनसक्छ । |
| **कन्या** : श्रमको उचित मूल्यांकन हुनेछ। प्रेम सम्बन्ध कसिनेछ । | **मीन** : मनमा शान्ति छाउनेछ । स्वास्थ्य र मनस्थिति बलियो हुनेछ। |

## विज्ञान/सूचना प्रविधि

# नाडा अटो शोमा पाँच कम्पनीले पाए उत्कृष्ट स्टलको उपाधि




**काठमाडौं,** नेपालको सबैभन्दा ठूलो अटोमोबाइल प्रदर्शनी 'नाडा अटो शो २०२६' आइतबार सम्पन्न भएको छ । भदौ ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा सञ्चालन भएको शोमा कुल २०० बढी स्टल थिए । नाडा अटो शोमा विभिन्न पाँच विधामा उत्कृष्ट स्टलको उपाधि प्रदान गरिएको छ ।

चारपांग्रे प्यासेन्जर कारतर्फ साइमेक्स इन्क प्रांलिको बीवाईडीले उत्कृष्ट स्टलको उपाधि पाएको छ। त्यस्तै दुईपांग्रे सवारीसाधनतर्फ एमएडब्लू राइड्स प्रालिको यामाहा, कमर्सियल चारपांग्रेतर्फ एनईभी नेपाल प्रा.लिले बिक्री गर्दै आएको दिगोले उत्कृष्ट स्टलको उपाधि पाएको छ ।अटो कम्पोनेन्टतर्फ सिप्रदी अटोपार्टस् प्रा.लिले राखेको मिसेलिन टायर र बैंक तथा वित्तीय संस्थातर्फ माछापुच्छ्रे बैंकको स्टल उत्कृष्ट घोषित भएको छ । उत्कृष्ट स्टल छनोटका लागि नाडाले सम्बन्धित क्षेत्रका प्रतिनिधिसहित तीन सदस्यीय समिति गठन गरेको थियो । नाडाका अनुसार यस वर्षको प्रदर्शनीमा २५ वटा प्यासेन्जर भेहिकल, १७ वटा लाइट कमर्सियल भेहिकल, १३ वटा दुईपांग्रे ब्रान्ड तथा १५ वटा बैंक तथा वित्तीय संस्था तथा बीमा सेवा प्रदायकको सहभागिता रहेको थियो ।

विद्युतीय सवारीसाधनको उल्लेख्य उपस्थिति रहेको प्रदर्शनीमा नयाँ पुस्ताका ईभी, मोटरसाइकल र स्कुटरसँगै नेपालमै उत्पादन तथा एसेम्बल भएका सामग्रीले समेत उपभोक्ताको ध्यान ताने । बीवाईडी, टाटा, दीपल, नामी, अवतार, जेइकु, चेरी, डङफेङ्लगायतका ब्रान्डका नयाँ मोडल शोका आकर्षण बनेका थिए । अटो शोमा सवारीसाधन बिक्रीसँगै बैंक तथा वित्तीय संस्थाबीच अटो कर्जामा प्रतिस्पर्धा देखियो । बैंकहरूले उपभोक्तालाई आकर्षित गर्न सस्तो ब्याजदर, सेवा शुल्क तथा ब्याजदरमा लाग्ने प्रिमियममा छुटलगायतका विभिन्न अफर सार्वजनिक गरेका थिए । अटो शो सञ्चालन भइरहेकै समयमा भोटेकोशीमा आएको बाढी तथा पहिरोका कारण जनधनको ठूलो क्षति हुन पुग्यो ।नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीले विपत्तिका कारण पीडाको अनुभूति भएको बताए । 'विपत्तिले हामीलाई कमजोर बनाउन सक्छ, तर, हाम्रो संकल्प कमजोर हुनु हुँदैन' उनले भने ।

*-अनलाइन खबर डटकम*

# युरोपेली बजारमा चिनियाँ मोटरसाइकलको दबदबा



**एजेन्सी,** केही मोटरसाइकल चालकका लागि आफ्नो मोटरसाइकलको वास्तविक परीक्षण सडक सकिएपछि सुरु हुन्छ। चेक गणतन्त्रको भिलानेकमा हुने यस्तो परीक्षणमा हिलो, ढुंगा, ठाडो उकालो र तीव्र गतिसँग जुध्नुपर्छ। त्यही ट्र्याकमा युरोपेली र्‍याली च्याम्पियन टोमास भालाल पनि नयाँ मोटरसाइकल परीक्षण गरिरहेका छन्।

यस पटक उनी चिनियाँ कम्पनी सीएफमोटोले निर्माण गरेको मोटरसाइकलमा प्रतिस्पर्धा गर्दैछन्।युरोपेली र्‍याली च्याम्पियन टोमास भालाल भन्छन्,'यसको डिजाइन निकै राम्रो, कम्प्याक्ट र हलुका छ। यो भारी छैन।' युरोपमा सीएफमोटो च्यालेन्ज आयोजना हुन थालेको यो दोस्रो वर्ष हो। चेक गणतन्त्र र स्लोभाकियामा हुने छनोट प्रतियोगिताबाट उत्कृष्ट चालकहरू स्पेनमा हुने विश्वस्तरीय फाइनलमा सहभागी हुनेछन् । गत वर्ष अस्ट्रेलियाको कठिन भूभागमा भएको फाइनलमा १८ भन्दा बढी देशका ७२ चालकले प्रतिस्पर्धा गरेका थिए। त्यसमध्ये मातेय ओलिभा पनि एक थिए।उनका अनुसार चिनियाँ मोटरसाइकलले युरोपको रेसिङ संस्कृतिमा परिवर्तन ल्याउनुका साथै बजारलाई समेत नयाँ दिशातर्फ लैजाँदैछन्।सीएफमोटो चालक मातेय ओलिभा भन्छन्,'मलाई पहिलेको समय याद छ, जतिबेला सबै कुरा परम्परागत सुपरबाइककै वरिपरि हुन्थ्यो। यदि अफरोड चलाउन वा यात्रामा जान चाहे भने बीएमडब्ल्यू वा केटीएमबाहेक अर्को विकल्प नै थिएन। तर अहिले मानिसहरूको सोच परिवर्तन भएको छ। उनीहरू आफ्नो पैसाको उचित मूल्य चाहन्छन्।

यो परिवर्तन मोटरसाइकल बिक्रीको तथ्यांकमा पनि देखिन थालेको छ। विज्ञहरूका अनुसार युरोपका पाँच ठूला मोटरसाइकल बजारमा गत वर्ष युरोपेली र जापानी ब्रान्डका मोटरसाइकलको दर्ता झण्डै १३ प्रतिशतले घटेको थियो । ब्र्नोस्थित एमटीटी मोटरसाइकल्सका मार्टिन टिचीका लागि भने बजारमा आएको यही परिवर्तन ठूलो व्यावसायिक अवसर बनेको छ। उनको डिलरशिपले हालै सीएफमोटोको १० लाखौं मोटरसाइकल बिक्रीको अवसर मनाएको थियो।तर विज्ञहरूका अनुसार चिनियाँ मोटरसाइकलको आकर्षण केवल कम मूल्यमा सीमित छैन।सेल्सम्यान यान डोनाहल भन्छन्,'ग्राहकहरू मोबाइल फोनसँग जोडिने डिस्प्ले र नेभिगेसनजस्ता प्रविधि खोजिरहेका छन्। मानिसहरू दिनभर मोटरसाइकलमा बसेर नक्सामा जहाँ औंला राख्छन्, त्यहींसम्म पुग्न चाहन्छन्।'सीएफमोटो युरोपमा सबैभन्दा तीव्र गतिमा विस्तार भइरहेको मोटरसाइकल ब्रान्डमध्ये एक हो। चीनका क्यूजे मोटर, भोगे र जोन्टेसजस्ता ब्रान्डहरूले पनि युरोपेली बजारमा आफ्नो उपस्थिति बलियो बनाउँदैछन्।यससँगै युरोपका सडकमा चिनियाँ मोटरसाइकलको गर्जन अझ ठूलो हुँदै जाने संकेत देखिएको छ । *(सीसीटीभीप्लस)*

# पियर्सनको पीटीई अभ्यास उपकरण

Pearson

**काठमाडौं,** अन्तर्राष्ट्रिय अंग्रेजी भाषा परीक्षण प्रदायक पियर्सनले नेपालमा 'अफिसियल पीटीई एआई प्राक्टिस' सार्वजनिक गरेको छ । विदेशमा अध्ययन, रोजगारी तथा बसोबासका लागि आवश्यक पियर्सन टेस्ट अफ इंगलिस (पीटीई) को तयारीलाई सहज र प्रभावकारी बनाउन कम्पनीले कृत्रिम बौद्धिकता (एआई) मा आधारित अभ्यास उपकरण ल्याएको हो ।

नयाँ उपकरणमार्फत परीक्षार्थीले वास्तविक परीक्षाको ढाँचासँग मिल्दोजुल्दो नमुना परीक्षा तथा व्यक्तिगत प्रश्नको अभ्यास गर्न सक्नेछन् । अभ्यासपछि तत्कालै स्कोर र प्रतिक्रिया प्राप्त हुने तथा एआई ट्युटरमार्फत कुन क्षेत्रमा सुधार आवश्यक छ भन्नेबारे लक्षित सुझावसमेत प्राप्त हुने पियर्सनले जनाएको छ । यो उपकरण एकेडमिक र पीटीई कोर दुवै परीक्षाको तयारीका लागि प्रयोग गर्न सकिनेछ । पियर्सनका अनुसार उच्चस्तरीय अंग्रेजी भाषा परीक्षा हरेक वर्ष लाखौं मानिसका लागि विश्वविद्यालयमा प्रवेश, रोजगारी र विदेशको भिसा प्रक्रियाको महत्वपूर्ण आधार बन्दै आएको छ ।

पछिल्लो समय परीक्षार्थीले आफ्नै समयअनुसार मोबाइल तथा अन्य डिजिटल उपकरणबाट परीक्षा तयारी गर्ने प्रवृत्ति बढेकाले आधिकारिक र विश्वसनीय अभ्यास सामग्रीको आवश्यकता पनि बढेको कम्पनीको भनाइ छ । पियर्सन साउथ एसियाका अंग्रेजी भाषा सिकाइसम्बन्धी क्षेत्रीय निर्देशक प्रभुल रविन्द्रले नेपालका परीक्षार्थीले तयारी समयमै सुरु गर्नुपर्ने बताए ।

*-कारोबार दैनिक*

# सामसङको मनसुन अफरः २३ प्रतिशतसम्म क्यासब्याक र आकर्षक उपहार




**काठमाडौं,** सामसङले नेपाली उपभोक्ताहरूका लागि विशेष 'मनसुन अफर' सार्वजनिक गरेको छ। सामसङ नेपालले आफ्ना पछिल्ला मोडलका टेलिभिजन, वासिङ मेसिन र रेफ्रिजेरेटरहरूमा २३ प्रतिशतसम्मको भारी क्यासब्याक र विभिन्न उपहारसहितको योजना ल्याएको हो ।

प्रिमियम प्रविधि र सुविधाहरूलाई आम उपभोक्तामाझ सहज रूपमा पुर्‍याउने उद्देश्यले ल्याइएको यस अफरले घरका पुराना उपकरणहरू अपग्रेड गर्न चाहनेहरूलाई उत्कृष्ट अवसर प्रदान गर्ने कम्पनीले जनाएको छ।यस योजनाअन्तर्गत चुनिएका सामसङ टिभीहरूको खरिदमा ग्राहकले १२ महिनासम्मको नि:शुल्क नेट टिभी सब्स्क्रिप्सन प्राप्त गर्नेछन्। साथै, ८५ इन्चको नियो क्युएलइडी र ७५ इन्चको युएचडी टिभी खरिद गर्दा ४९ हजार ९९९ रूपैयाँ मूल्यको साउन्डबार उपहारस्वरूप पाइनेछ।टिभी सेगमेन्टमा मोडलअनुसार ७ देखि २१ प्रतिशतसम्म क्यासब्याकको व्यवस्था गरिएको छ।

**वासिङ मेसिन र रेफ्रिजेरेटरमा भारी छुट**

सामसङका ७ केजीदेखि १२ केजी क्षमताका वासिङ मेसिनहरूमा २३ प्रतिशतसम्म तत्काल क्यासब्याक पाइनेछ।विशेष गरी एआई इकोबबल वासर ड्रायर र फ्रन्ट लोड मेसिनहरूमा आकर्षक छुटसँगै चुनिएका मोडलमा सर्फ एक्सेल म्याटिक पाउडर समेत उपहार दिइनेछ। त्यसैगरी, रेफ्रिजेरेटरतर्फ साइड-बाई-साइड, फाइभ-इन-वान र डबल डोर मोडलहरूमा १७ प्रतिशतसम्म क्यासब्याक उपलब्ध गराइएको छ।

**किस्ताबन्दी र एक्सचेन्ज सुविधा**

ग्राहकहरूको खरिद प्रक्रियालाई थप सहज बनाउन सामसङले हुलास फिनसर्भमार्फत 'सामसङ इन्स्टा फाइनान्स' सेवा पनि उपलब्ध गराएको छ।जसअन्तर्गत ग्राहकले शून्य प्रतिशत ब्याजदरमा २४ महिनासम्मको इएमआई सुविधामा सामान खरिद गर्न सक्नेछन्।त्यस्तै, पुराना उपकरण फेरेर नयाँ लैजान चाहने ग्राहकका लागि 'अर्को स्टोर' वा सामसङका अधिकृत स्टोरमार्फत एक्सचेन्ज सुविधा समेत उपलब्ध छ।यो अफर सीमित अवधिका लागि मात्र देशभरका सामसङ अधिकृत रिटेल स्टोरहरूमा लागू हुने कम्पनीले जनाएको छ । *-सेतोपाटी डटकम*

# गुल्मीमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु




**गुल्मी,** भदौ १५ /जिल्लाको धुर्कोट गाउँपालिका-५ डुकुर्तीस्थित सडकमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । तम्घासबाट सिमलटारीतर्फ जाँदै गरेको टिपर र विपरीत दिशाबाट आइरहेको मोटरसाइकल एकआपसमा ठक्कर खाँदा मोटरसाइकल चालक ईश्मा गाउँपालिका-६ अम्मरपुरका ३२ वर्षीय धनिश्वर बस्नेतको मृत्यु भएको हो ।

आइतबार साँझ धुर्कोट गाउँपालिका-५ डुकुर्तीस्थित सडकखण्डमा लु.१ क ४४४८ नम्बरको टिपर र लु.६ प २७२६ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक बस्नेत गम्भीर घाइते भएका थिए । दुर्घटनापछि गम्भीर घाइते बस्नेतलाई तत्काल उपचारका लागि अस्पताल लगिएको थियो । प्रारम्भिक उपचारपछि थप उपचारका लागि पाल्पास्थित लुम्बिनी मेडिकल कलेज, प्रभास लगिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनाको कारणबारे भने प्रहरीले विस्तृत विवरण सार्वजनिक गरेको छैन । सडकमा टिपर र मोटरसाइकल ठोक्किएपछि केही समय स्थानीय क्षेत्रमा समेत त्रासको अवस्था सिर्जना भएको थियो । प्रहरीले दुर्घटनामा संलग्न टिपर चालकलाई नियन्त्रणमा लिएको जनाएको छ । चालकलाई नियन्त्रणमा लिएर घटनाबारे आवश्यक अनुसन्धान तथा दुर्घटनाको कारण पहिचान गर्ने कार्य भइरहेको प्रहरीले जनाएको छ । गुल्मीका ग्रामीण तथा मुख्य सडकखण्डमा सवारी दुर्घटना बढ्दै गएकाले सवारी चालकले गति नियन्त्रणमा राखी सावधानीपूर्वक सवारी सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ । विशेषगरी साँघुरा सडक, घुम्ती तथा बढी सवारी चाप हुने स्थानमा सावधानी अपनाउन प्रहरीले समेत आग्रह गर्दै आएको छ ।

## खेलकुद समाचार

# यूएसको पहिलो चरणबाटै बाहिरिए नोभाक



**काठमाडौं,** भदौं १५/सर्बियाका नोभाक जोकोभिच यूएस ओपनको पहिलो चरणबाटै बाहिरिएका छन् । २४ ग्रान्ड स्लाम जितिसकेका ३९ वर्षीय जोकोभिच अर्जेन्टिनाका मारियानो नाभोनेसँग पराजित भएका हुन् । ४९औँ वरीयताका २५ वर्षीय नाभोनेले चौथो वरीयताका जोकोभिचलाई हराए । नाभोनेले ५ सेटको रोमाञ्चक प्रतिस्पर्धामा जोकोभिचलाई ७-६, ५-७, ४-६, ६-२, ६-१ ले पराजित गरे ।

यूएस ओपनको पहिलो चरणमै पराजित भएपछि जोकोभिच भक्कानिएर रोएका थिए । खेल अवधिभर उनले शारीरिक असहजताको सामना गरे र खेलको एउटा चरणमा त बान्तासमेत गरे । यस नतिजाले ग्रान्ड स्लामको पहिलो चरणमा जोकोभिचको लगातार ७८ खेलको जीतको यात्रासमेत टुङ्गिएको छ । उनले सन् २००६ को अस्ट्रेलियन ओपनमा पल गोल्डस्टिनसँग पराजित भएयता पहिलो चरणमा हार बेहोरेका थिएनन् ।

# ढोल-झ्याम्टासँगै ...

...यो नाँच काठमाडौँ उपत्यकामा प्रचलित परम्पराका रूपमा चिनिए पनि पछिल्लो समय पाल्पासहित अन्य स्थानमा पनि विस्तार हुँदै गएको छ । तानसेनबाहेक नेवार बस्ती रहेका रामपुर, सराई, हार्थोक र आर्यभञ्ज्याङमा समेत लाखे नाच नाच्ने परम्परा रहेको छ । मुखमा डरलाग्दो मुकुण्डो लगाएर दुईमध्ये एक जना लाखे र अर्को भुच्चा भएर नाचिने यो नाचमा लाखेले पछाडीपट्टि चौरी गाईको चमर र महिलाले लगाउने घाँघर, चोलो लगाउने गरेको पाइन्छ भने भुच्चाले पुरुष भेषमा पछाडीपट्टि मकैको पात वा कपडाको पुच्छर लगाउने गर्छन् ।

# तानसेनमा निकालियो ...

...विगत तीन दशकदेखि गुठीमार्फत यो जात्रा निकाल्ने गरिएको छ । गणेश जात्रामा पहिला भगवानलाई पूजा गरी बोकाको बलि दिइने र प्रसादको रूपमा जाग्राममा बस्नेहरूलाई सम्हयबजी बाँडिने भएपनि हिजोआज भगवान श्रीगणेशलाई बलि नचढाइने जानकारहरू बताउँछन् । गणेश जात्राका दिन बाघ जात्रा पर्ने गर्दछ । त्यसको भोलिपल्ट टक्सार टोल स्थित सूर्यविनायक गणेश जात्रा निकालिन्छ । अघिल्लो दिन जाग्राम बसी भोलिपल्ट बाजागाजाका साथ गणेशको मूर्तिलाई खाटमा राखी बजार घुमाइन्छ । तानसेन बजार भित्र छ ठाउँमा गणेशका मन्दिरहरु रहेका छन् । टक्सार गणेश जात्राको भोलिपल्ट भिमसेन टोलबाट भिमसेन जात्रा निकालिन्छ । भिमसेन भनेका महाभारतका बलवान शक्तिशाली भिम हुन् । शितलपाटीमा पनि एउटा भिमसेन मन्दिर छ । यसको जात्रा भने माघ महिनामा भीमा द्धादशीको दिन निकालिन्छ ।


## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको बौघागुम्हा गा.वि.स. ६, हाल तानसेन नगरपालिका - !#gjf;Le/ltoek";]g g#142140 का हवलदार गम्वीर सिं राना (ना.प्र.मा गम्वीर सिं राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा तेज कुमारी र जन्म मिति सन् १९५० अगष्ट ३१ (वि.स.२००७/०५/१५) र नेपाली नागरिकता प्रमाणपत्रमा तेज कुमारी राना, जन्म मिति वि.स. २००६/०४/१५ (सन् १९४९ जुलाई ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको चिर्तुङ्गधारा गा.वि.स. १, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5841692 L का हवलदार टेक बहादुर क्षेत्री (ना.प्र.मा टेकराज ढुङ्गाना भन्ने टेक बहादुर क्षेत्री) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा धन कुमारी र जन्म मिति सन् १९५७ डिसेम्वर १० (वि.स.२०१४/०८/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा धन कुमारी ढुङ्गाना भन्ने धन कुमारी क्षेत्री, जन्म मिति वि.स. २०१५/०५/१० (सन् १९५८ अगष्ट २६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको चिर्तुङ्गधारा गा.वि.स. ४ हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 112689 F का सुवेदार चन्द्र वीर थापा (ना.प्र.मा चन्द्रवीर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रुपा देवी र जन्म मिति सन् १९४४ डिसेम्वर ५ (वि.स.२००१/०८/२०) र नेपाली नागरिकता प्रमाणपत्रमा रुपा देवी थापा, जन्म मिति वि.स. २००१/०८/२० (सन् १९४४ डिसेम्वर ५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको पोखराथोक गा.वि.स.-१, हाल बगनासकाली गाउँपालिका -२ निवासी भारतिय भू.पू.सैनिक नं. 5748219 N का H/NB-Sub टेक बहादुर थापा (ना.प्र.मा टेक बहादुर घर्ति मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा तिलतमा थापा(Tiltama Thapa) र जन्म मिति सन् १९५९ जुन २ (वि.स.२०१६/०२/१९) र नेपाली नागरिकता प्रमाणपत्रमा तिलोत्तमा घर्ति मगर्नी (Tilottama Gharti Magarni), जन्म मिति वि.स. २०१३/०८/२७ (सन् १९५६ डिसेम्वर १२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको नायरनमतलेस गा.वि.स. २ (बगनासकाली-३), हाल बगनासकाली गाउँपालिका -२ निवासी भारतिय भू.पू.सैनिक नं. 5446734 H का TS/NK लाल बहादुर थापा (ना.प्र.मा लाल बहादुर दर्लामी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मित्री कुमारी थापा र जन्म मिति सन् १९६३ फेब्रअरी १७ (वि.स.२०१९/११/०५) र नेपाली नागरिकता प्रमाणपत्रमा मित्री कुमारी दर्लामी, जन्म मिति वि.स. २०१९/११/०५ (सन् १९६३ फेब्रअरी १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको बौघागुम्हा गा.वि.स. ४ हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं. 5448682 W का H/NB-Sub टुक बहादुर थापा (ना.प्र.मा टुक बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा खकीसर थापा र जन्म मिति सन् १९६८ मे ७ (वि.स.२०२५/०१/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा खगीसरा थापा, जन्म मिति वि.स. २०२५/११/१० (सन् १९६९ फेब्रअरी २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना




सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको चापपानी गा.वि.स. २ हाल बगनासकाली गाउँपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. 5043300 F का H/NB-Sub बल बहादुर थापा (ना.प्र.मा बल बहादुर कनौजे थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा उमा देवी थापा र जन्म मिति सन् १९६५ नोभेम्वर १ (वि.स.२०२२/०७/१६) र नेपाली नागरिकता प्रमाणपत्रमा उमा देवी कनौजे थापा, जन्म मिति वि.स. २०१९/०८/१७ (सन् १९६२ डिसेम्वर २) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## हार्दिक बधाई तथा शुभकामना







नेपाल प्रेस युनियन पाल्पा शाखाको शनिबार तानसेनमा सम्पन्न दशौं अधिवेशनबाट सीताकुण्डा मिडिया प्रालिका अध्यक्ष एंव कटुवाल खबर डटकमका सम्पादक **दुर्गेश मल्ल** युनियनको अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुको साथै उपाध्यक्षमा विष्णु प्रसाद खनाल, महिला उपाध्यक्षमा मीना कुमाल सिलवाल, सचिव दुर्गा प्रसाद अर्याल, सह-सचिव सन्तोष सुनार, कोषाध्यक्ष इमानसिं राना, सदस्यहरूमा प्रेरणा नेपाल, किसन पोखरेल र सुमन कार्की निर्विरोध निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई तथा सफल कार्यकाल**को शुभकामना व्यक्त गर्दछौं ।

**सीताकुण्डा मिडिया प्रालि एंव कटुवाल खबर डटकम परिवार**
**रामपुर, पाल्पा**

## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई